## पाठ - 14
## रसूल ﷺ का चमत्कारहरू

## الدرس الرابع عشر - نيبالي
## من معجزاته ﷺ

रसूल ﷺ को सबभन्दा ठुलो चमत्कार पवित्र कुरआन हो, कुरआन यस्तो चमत्कार हो जुन् कयामत सम्म कायम रहनेछ , जसले भाषाको सबै ज्ञानीहरुलाई हराएर भयभित गरिसकेको छ, अल्लाह तआलाले सबैलाई चुनौति दिनु भएको छ कि कुरआन जस्तो दस सुरह वा मात्र एक सुरह वा मात्र एक आयत नै ल्याउनु , र त्यति मात्र होइन बरु नासतिकहरुले पनि कुरआनलाई चमत्कार मानेका छन् ।

उहाँको चमत्कारहरु मध्ये यो पनि छ कि जब नासतिकहरुले उहाँ सित निशानी पेश गर्ने माँग राख्नु भयो त उनीहरुलाई च्यातिएको चन्द्रमा देखाउनु भयो, चन्द्रमा दुइभागमा बिभाजित भयो, त्यस्तै पटक पटक उहाँको औंलाहरुबाट पानी निस्केको छ , त्यस्तै सानो ढुँगाले उहाँको हत्केलीमा अल्लाहको पवित्रता बयान गरेको छ , फेरि उहाँले त्यो ढुँगालाई अबुबकर ﷺ को हत्केलीमा राख्नु भयो, फेरि ऊमर ﷺ को हत्केलीमा, फेरि उसमान ﷺ को हत्केलीमा राख्नु भयो र ढुँगाले अल्लाहको पवित्रता बयान गर्नु भयो । रसुल ﷺ का साथीहरु यो पनि सुन्नु हुन्थे कि उहाँको नजिक खाना पनि अल्लाहको पवित्रता बयान गर्नु हुन्छ , त्यस्तै यो पनि सुन्थे कि ढुँगा र रुखहरु रसुल ﷺ लाई सलाम गर्नु हुन्छ , त्यस्तै बिष दिएको बाखाको पाखुराको पनि भनाइ सुन्नु भयो, जुन् एउटि यहुदि महिलाले उहाँको हत्याको उद्देश्यले दिएकि थी, गाउँको एउटा व्यक्तिले उहाँ सित निशानी माँग्नु भयो त उहाँले एउटा रुखलाई आदेश दिनु भयो र त्यो रुख आयो र फेरि त्यसलाई आदेश दिनु भयो त फर्केर गइहाल्यो, एउटा दुध नभएको बाखाको थनमा हात दिनु भयो त दुध आउन थाल्यो, र त्यसलाई दुहेर आफु पनि पिउनु भयो र अबुबकरलाई पनि दिनु भयो, हजरत अली ﷺ को आँखा दुखिरहेको थियो त रसूल ﷺ ले त्यसमा फुँकनु भयो र तुरुन्त आँखा ठिक भयो, एउटा साथीको खुट्टा घाइते भएको थियो त उहाँले त्यस माथि हात फेर्नु भयो र तुरुन्तै ठिक भयो, हजरत अनस बिन मालिक ﷺ को लागि लामो उमेर, अधिक धन् सम्पत्ति र सन्तानको साथ ती सबैमा बरकत अर्थात उन्नतीको प्रार्थना गर्नु भयो, त उहाँले १२० छोरा पाउनु भयो र उहाँको खजुरको बागैंचा बर्षमा दुइ पटक फल दिने गर्थ्यो, जब कि यो कुरा प्रसिद्ध छ खजुर चाहिं बर्षमा मात्र एक पटक फल दिन्छ, त्यस्तै हजरत अनस ﷺ १२० बर्षको उमेर पनि पाउनु भयो, एउटा साथीले अनिकालको शिकायत र उजुरि गर्नु भयो जुन् समय रसूल ﷺ मञ्चमा हुनु हुन्थ्यो, त उहाँले आफ्नो दुवै हात उठाएर अल्लाह सित प्रार्थना गर्न लाग्नु भयो, र त्यो समय आकाशमा अलिकति पनि बादल थिएन तर छिटै पहाड जस्तो बादल जम्मा भइहाल्यो र अर्को शुक्रवार सम्म अन्धाधुन्ध बर्षा भयो, त्यस पछि धेरै बर्षाको शिकायत भयो त उहाँले अल्लाह सित फेरि प्रार्थना गर्नु भयो र बर्षा थमि सकयो र मानिसहरु घाममा निस्कनु भयो ।

एक साअ अर्थात २ किलो ५०० ग्राम जौ र एउटा बाखामा सबै खन्दक खन्ने व्यक्तिहरुलाई खाना खुवाउनु भयो, सबै पेट भरि खाएर फर्किनु भयो तर खाना जस्ताको त्यस्तै बाँच्यो अलिकति पनि घटि भएन, र त्यस्तै सबै खन्दक खन्ने व्यक्तिहरुलाई अलिकति खजुर खुवाउनु भयो जो कि बशीर बिन साअद कि छोरिले आफ्नो बुवा र सानो बुवाको लागि ल्याएकि थी, र समसत सैनिकलाई अबुहोरैरह ﷺ को बटुवाबाट पेट भरि खुवाउनु भयो, उहाँको हत्याका लागि कुरैशको सय युवक आउनु भयो तर उहाँले सबैको मुखमा माटो हालेर जानु भयो र कसैले उहाँलाई देख्न पनि सकेन, सोराका बिन मालिकले उहाँको पिछा गर्नु भयो तर जब ऊ नजिक भयो त उहाँले शराप दिनु भयो र उसको घोडाको खुट्टा धर्तिमा मासियो यि हुन संक्षिप्तमा रसूल ﷺ को चमत्कारहरु ।